बुटवल 94.4 mhz एफ.एम

मोफसलको लोकप्रिय राष्ट्रिय दैनिक

# नव तिलोत्तमा

ग्राहक महानुभावहरुमा अनुरोध

- नियमित पत्रिका नआएमा।
- विज्ञापनहरु दिनु परेमा।
- ग्राहक बन्नु परेमा।
- समयमा पत्रिका प्राप्त न भएमा।

नव तिलोत्तमा
बुटवल-१० कालिकानगर, रुपन्देही
फोनः ०७१-४३८५७४

वर्ष १८ | अंक ८३ | ०८० माघ ११ गते बिहिबार | 2024 Jan. 25 Thursday | पृष्ठ संख्या ४ | मुल्य रु. ४

## कांग्रेसले समुदायमा कांग्रेस अभियान चलाउने




काठमाडौं, १० माघ । नेपाली कांग्रेसले माघ १३ गतेदेखि ‘समुदायमा कांग्रेस’ अभियानको प्रारुप तय गरेको छ ।१३ माघदेखि २६ सम्म हुने अभियानमा खटिने केन्द्रीय नेताको भूमिका समेत खुलाएर कार्यक्रमको प्रारुप बनाएको छ ।खुला छलफल, समूहगत छलफल, निर्दिष्ट भेटघाट, सेवा प्रवाह अवलोकन वडा कार्यालय भ्रमण र संवाद गरी पाँच प्रकृतिका अभियानको प्रारुप बनाइएको छ ।समुदायमा कांग्रेस अभियानका लागि ७७ वटै जिल्लामा केन्द्रीय तहका नेताहरुलाई प्रतिनिधि बनाएर पठाउन लागिएको छ। अभियानको उद्देश्यमा तीनै तहका सरकारसंगका जनताका अपेक्षा, सुझाव, गुनासो सुन्ने/बुझ्ने राखिएको छ।

जनताबाट प्राप्त सुझावलाई तत् तत् तहका सरकारमा पुऱ्याउने, सरकारमा रहेका ठाउँमा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा अग्रसरता लिने, पार्टी प्रतिपक्षमा रहेका ठाउँमा पार्टीको तर्फबाट समाधानका लागि पहलकदमी लिने लगायतका उद्देश्य बनाइएको छ ।केन्द्रबाट खटिएका प्रतिनिधिले स्थानीय स्तरमा सेवा प्रवाहको अवस्था, विकास निर्माण, समुदायस्तरमा भएका सकारात्मक प्रयास, उपलब्धि र अभ्यासको अवलोकन गर्ने उद्देश्य राखिएको छ।अभियानबाट राम्रा पक्षको ग्रहण र सुधार गर्नुपर्ने विषयमा नीतिगत रुपमा पहलकदमी लिने सहयोग पुग्ने कांग्रेसले उद्देश्य लिएको छ।

जनताबाट आएका सल्लाह, सुझाव, गुनासाहरू सुन्ने, पार्टीले गरेका प्रयास र उपलब्धि बताउने, भ्रमहरू चिर्ने कांग्रेसले अभियानबाट अपेक्षा राखेको छ।

पार्टीले लिएका उद्देश्य पूर्ति गर्ने गरी केन्द्रीय नेतालाई जिम्मेवारी दिइएको छ। जिल्लास्थित स्थानीय तहहरूमा पुगी सेवा प्रवाह लगायतको अवस्था अवलोकन गर्ने, पार्टी र स्थानीय सरकारबीच संवाद गर्ने जिम्मेवारी दिइएको छ।

जनताबाट स्थानीय तहका लागि आएका सुझाव त्यही हल गर्ने प्रयास गर्ने, अन्य सुझाव पार्टी केद्रमा उपलब्ध गराउने भूमिकामा केन्द्रीय प्रतिनिधि हुनेछन्।

अभियानकै विचमा १६ माघमा शहीद दिवसको अवसरमा ६ हजार ७४३ वडामा कांग्रेसले विविध कार्यक्रम गर्ने भएको छ। उक्त दिन सरसफाइ, श्रमदान, स्वास्थ्य शिविर, रक्तदानलगायतका कार्यक्रम गरिने कांग्रेसले जनाएको छ।

## सुरु भयो शहीद सप्ताह

काठमाण्डौं, १० माघ । बुधवारदेखि शहीद सप्ताह शुरु भएको छ । बुधबारदेखि सात दिनसम्म विभिन्न कार्यक्रम गरी शहीदको सम्झना गरिन्छ।

१६ गते विशेष कार्यक्रमका साथ शहीद दिवस मनाइन्छ । शहीद सप्ताहको पहिलो दिन आज टेकुको पिपलबोटमा रहेको शुक्रराज शास्त्रीको शालिकमा माल्यार्पण गरिएको छ।



काठमाण्डौ महानगरपालिकाको शहीद सप्ताह मूल समारोह समितिको आयोजनामा टेकुमा स्मृति सभा भएको हो। राणा शासन विरुद्धको आन्दोलनमा वि.सं १९९७ साल माघ १० गते शुक्रराज शास्त्रीलाई टेकुमा रहेको पचलीमा, धर्मभक्त माथेमालाई सिफलमा र गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा तत्कालीन राणा शासकले मृत्युदण्ड दिएको थियो । नेपालको पहिलो शहीद भने लखन थापालाई मानिन्छ।

थापाको तत्कालीन राणा प्रधानमन्त्री जंगबहादुर राणाविरुद्ध प्रचार गरेको आरोपमा विसं १९३३ साल फागुन २ गते गोरखाको मनकामना मन्दिर नजिकै रुखमा झुण्ड्याएर हत्या गरिएको थियो।

## लुम्बिनी प्रदेशका ११ लाख नागरिक स्वास्थ्य बिमामा आवद्ध

बुटवल, १० माघ । लुम्बिनी प्रदेशका करिब ११ लाख नागरिक स्वास्थ्य बिमामा आबद्ध भएका छन् । स्वास्थ्य बिमा बोर्ड लुम्बिनी प्रदेशका अनुसार पछिल्लो तीन वर्षमा उक्त सङ्ख्यामा नागरिक स्वास्थ्य बिमामा आबद्ध भएका हुन्।

बिमा बोर्ड लुम्बिनीका संयोजक जनकबहादुर साउदले तीन वर्षमा उल्लेख्य मात्रामा नागरिक आबद्ध हुनु राम्रो भएको बताउनुभयो। उहाँले भन्नुभयो, “आउँदा वर्षमा अझै धेरै विमति बन्नुहुने छ भन्ने हाम्रो विश्वास छ।”

प्रदेशमा स्वास्थ्य बिमा सेवा लागु भएको तीन वर्ष भएको छ। यो अवधिमा १० लाख ९२ हजार ६७३ जना विमति भएको बोर्डको तथ्याङ्क छ । “यो सङ्ख्या प्रदेशको कुल जनसङ्ख्याको २१ दशमलव ३३ प्रतिशत हो”,उहाँले भन्नुभयो, “हामीले पूरै नागरिकलाई बिमामा आबद्ध गर्ने गरी कार्यक्रमहरू अघि बढाएका छौं।”लुम्बिनी प्रदेशको कुल जनसङ्ख्या ५१ लाख २२ हजार ७८ छ। यसमध्ये १० लाख ९२ हजार ६ सय ७३ जना बिमित भएका हुन्। बिमितमध्ये पाँच लाख २४ हजार ७७० पुरुष, पाँच लाख ६७ हजार ७८७ महिला र ११७ जना अन्य छन्।

“छोटो समयमा यतिधेरै नागरिक बिमित हुनु सकारात्मक कुरा हो”, साउदले भन्नुभयो, “कार्यक्रमको प्रभावकारिता बढ्दै गइरहेको छ, बिस्तारै सबै नागरिक समावेश हुन्छन् भन्ने विश्वास लिएका छौं।”

साउदले प्रदेशका बाँकी ७९ प्रतिशत नागरिकलाई पनि बिमा कार्यक्रममा समावेश गर्नका लागि पहल भइरहेको बताउनुभयो। बोर्डले दिएको तथ्याङ्क अनुसार पाल्पामा दुई लाख ३६ हजार ७१७ जना नागरिक स्वास्थ्य बिमाबाट विमति भएका छन्। नेपाल सरकारले स्वास्थ्य बिमा कार्यक्रम लागु गरेपछि पाल्पामा २०७३ सालमा यसको सुरुवात भएको हो। बिस्तारै अन्य जिल्लामा पनि कार्यक्रम लागु हुँदै २०७७ साल फागुनसम्म प्रदेशका १२ वटै जिल्लामा बिमा सेवा कार्यक्रम विस्तार गरिएको थियो ।रुपन्देही जिल्लामा एक लाख ६१ हजार ५८१, बर्दियामा एक लाख २८ हजार ९९६, गुल्मीमा एक लाख सात हजार ३१२, कपिलवस्तुमा एक लाख चार हजार ४८, अर्घाखाँचीमा ८२ हजार ११६, बाँकेमा ७१ हजार २०५ नागरिक बिमित छन्।

यस्तै, प्युठानमा ६३ हजार ८८६, दाङमा ४५ हजार तीन, नवलपरासी पश्चिममा ४४ हजार १६८, रोल्पामा ३८ हजार ९३९ विमति छन्।

सबैभन्दा कम रुकुमपूर्वमा आठ हजार ७०२ जना विमति रहेको स्वास्थ्य बिमा बोर्डको कार्यालयले जानकारी दिएको छ । बिमा कार्यक्रमले नागरिकलाई उपचारमा सहज हुने गरेको छ। यसैले कार्यक्रममा सहभागिता हुन सबैलाई बोर्डले आग्रह गरेको छ । साउदले भन्नुभयो, “बिमाका फाइदा धेरै छन्, समयमै बिमा गरेर यसबाट लाभ लिन सकिन्छ।”

## बुटवल उद्योग वाणिज्य संघको तीन वर्षे योजना




सेवा र सदस्यता बृद्धि गर्ने

बुटवल, माघ १० । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले विविध विषयलाई समेट्दै तीन वर्षे रणनीतिक योजना निर्माण गरेको छ । पर्वतको कुस्मामा शनिबारदेखि सोमबारसम्म भएको तीनदिने रणनीतिक योजना तथा संघ व्यवस्थापन गोष्ठीबाट तीन वर्षे रणनीतिक योजना निर्माण गरिएको हो।

उद्योगी व्यवसायीहरुको व्यवसायिक हकहितको संरक्षण र सम्वर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउने परिकल्पना गरिएको छ। आर्थिक रुपमा सवल, विश्वसनीय सेवा प्रदायक सक्षम सचिवालय, दुरदर्शी र सुशासनयुक्त, प्रतिनीधिमुलक नेतृत्वदायी संघको रुपमा स्थतापित गर्ने लक्ष्य लिइएको छ । संघले गरेको मतसर्वेक्षण तथा वस्तुगत समिति र परामर्शदाताहरुले दिएको सुझावका आधारमा तीन वर्षे रणनीतिक योजना निर्माण गरिएको संघका अध्यक्ष हरीप्रसाद अर्याललले जानकारी गराउनु भयो।

संघबाट सदस्य उद्योगी व्यवसायीलाई दिईने सेवामा बृद्धि गर्ने, सदस्यता बढाउने, संघलाई दुरदर्शी, सुशासनयुक्त नेतृत्वदायी संघ बनाउँदै व्यवसायिक वातावरण निर्माणमा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्ने रणनीति तय गर्दै त्यसका लागि समेत कार्ययोजना तयार गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले बताउनु भयो । संघले तय गरेको रणनीति र निर्माण गरेको कार्ययोजना अनुसारका कार्यक्रमलाई अगाडि बढाउन सक्षम सचिवालय र संघको छवी पनि सुदृढीकरण गर्ने गरी कार्यक्रम तयार गरिएको उहाँले बताउनु भयो।

कार्यशाला गोष्ठिमा संघका अध्यक्ष अर्याल, निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजू, वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव अधिकारी,कोषाध्यक्ष (बाँकी ३ पेजमा...)

## अघि बढ्यो पेट्रोलियम अन्वेषणको काम

काठमाण्डौं, १० माघ । चिनियाँ सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सुरू भएको पेट्रोलियम अनुसन्धानको काम पुनः अघि बढेको छ। पेट्रोलियम अन्वेषणको लागि आवश्यक पूर्वाधार बनेसँगै अनुसन्धानको काम पुनः अघि बढेको हो।

अहिले पूर्वाधारको काम अन्तिम चरणमा पुगेको खानी तथा भूगर्भ विभाग अन्तर्गत पेट्रोलियम अन्वेषण परियोजना प्रमुख निदेश कुमार नापितले जानकारी दिए। 'हामीलाई जग्गा र बाटोको समस्या थियो । त्यसको समाधान भइसकेको छ । अब ड्रिलिङका लागि मेसिन लैजान सक्छौं,' उनले भने । अनुसन्धानका निम्ति ड्रिलिङ गर्नुपर्ने हुन्छ । यसमा चाहिने उपकरण अनुसन्धान स्थलसम्म लैजानुपर्छ। त्यसको लागि जग्गा र बाटो आवश्यक हुन्छ। तर बजेट विनियोजन नहुँदा पूर्वाधारको काम रोकिएको थियो । परियोजना प्रमुख दिनेशका अनुसार ड्रिलिङका लागि दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा ४५ रोपनी जग्गा अधिग्रहण गरिएको छ। ड्रिलिङ गर्ने ठाउँसम्म मेसिन लैजान सुर्खेत-वीरेन्द्रनगरबाट पादुकास्थानसम्मको ३५ देखि ४० किलोमिटर सडक स्तरोन्नती गरिसकेको छ।

त्यस्तै सांघेताराबाट चामुन्डा विन्द्रासैनीसम्म रहेको (अनुमानित ६ किलोमिटर) सडकमध्ये साढे दुई किलोमिटरमा बस्ती, स्कुल र मठमन्दिर थिए। यसको पनि मुआब्जा दिएर बस्ती हटाई सडक स्तरोन्नती गरिसकेको परियोजना प्रमुख दिनेशले जानकारी दिए । उनका अनुसार जग्गा अधिग्रहण गर्न प्रतिरोपनी एक लाख ७५ हजारको दरले मुआब्जा वितरण गरिएको हो । अहिले मेसिन आउने बित्तिकै ड्रिलिङको काम सुरू हुने गरी चिनियाँ र नेपाली समूह मिलेर आवश्यक तयारी गरिरहेको समेत उनले बताए। उनले भने, 'मेसिन फिट गर्न संरचना बनाउन पर्छ । त्यसको ९० प्रतिशत काम सकिसक्यो। अब मेसिन आएपछि सिधैं काम सुरू हुन्छ।' परियोजना क्षेत्रमा ठूला उपकरणका साथै नेपाली र चिनियाँ गरी ५० जनाभन्दा बढीको समूह हुने भएकाले सुरक्षाको आवश्यकता पर्छ। त्यसको लागि सशस्त्र प्रहरी खटिने भएको छ। यसका लागि परियोजनाले गृह मन्त्रालयमा सुरक्षा माग गरेको छ।

गृहबाट सशस्त्र परिचालन गरिने जानकारी आएको परियोजना प्रमुख दिनेशले बताए । ड्रिलिङ मेसिन आगामी महिना (फेब्रुअरी)को अन्त्यसम्ममा आइपुग्नेछ। त्यसपछि परीक्षणको काम हुनेछ । दैलेखको पादुकास्थानमा तीन वर्षभित्र पेट्रोलियम पदार्थको अनुसन्धान सक्ने गरी चिनियाँ सरकारसँग सन् २०१९, फेब्रुअरी २८ मा सम्झौता भएको थियो। सम्झौता अनुसार गत फेब्रुअरी २८ मा थप दुई वर्षको समयावधि थपिएको थियो।

## टेलिकमका निलम्बित प्रबन्ध निर्देशक पौडेल पक्राउ

काठमाडौं, माघ १० । नेपाल टेलिकमका प्रबन्ध निर्देशक (हाल निलम्बित) सुनिता पौडेल र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक (हाल निलम्बित) विकल पौडेललाई पक्राउ गरिएको छ । बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पौडेलद्वयलाई पक्राउ गरेको हो।

गैरकानुनी सम्पत्ति आर्जन गरेको भनी परेको उजुरीका आधारमा अख्तियारबाट अनुसन्धान हुँदा पौडेलद्वयले नेपाल राष्ट्र बैंकको स्वीकृति बेगर विदेशी बैंकमा विदेशी मुद्रामा खाता खोली रकम जम्मा गरेको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो।

यसैगरी, नेपालको सरकारी सेवामा कार्यरत रहँदा अन्तर्राष्ट्रिय परामर्शदाताको पदमा औपचारिक रुपमा नियुक्ति लिएको तथा विकलले संयुक्त राज्य अमेरिकाको स्थायी आवासीय अनुमतिसमेत लिएको देखिएकाले उनीहरुले कसुरसम्बन्धी प्रमाण नष्ट गर्न सक्ने देखिएको आयोगको ठहर छ। साथै फरार हुने सम्भावना भई अनुसन्धान कार्यमा बाधा पुग्ने देखिएकाले सुनिता र विकललाई बुधबार नियमानुसारको उजुरी पक्राउ पूर्जी दिई हिरासतमा लिई थप अनुसन्धान भइरहेको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो।

तिलोत्तमा

# सम्पादकीय

## गुणस्तरहीन विकासको दुष्परिणाम

*अधिकांश राष्ट्रिय आयोजनाको काम निर्धारित मितिमै सम्पन्न नहुने ठूलो समस्या बनिरहेको बेला निर्माण सम्पन्न भएका आयोजना पनि गुणस्तरहीन हुँदा अर्बौंको लगानी बालुवामा पानी सरह भैरहेको छ । बुटवल नारायणगढ सडक पाँच बर्ष पूरा हुँदा पनि पूरा हुन नसकेकोमा चिन्ता उत्पन्न भैरहेको छ । तर, निर्माण भएको काम कत्तिको गुणस्तर भयो भन्ने बिषयमा कतै प्रश्न र कुरा पनि उठेको छैन । अधिकांश विकास निर्माणका काममा गुणस्तर नहुँदा एक वर्ष अघि सम्पन्न भएका विकास आयोजना काम नलाग्ने भएको धेरै उदाहरण छन । विकासे आयोजनामा निरिक्षण र अनुगमन प्रभावकारी नहुँदा नेपालमा बन्ने हरेक संरचना कमजोर हुँदै गएका छन । त्यो चाहे सडक या पुल निर्माणको कुरा नै किन नहोस् । विकासका आयोजना त्यसै त निर्धारित मितिमै सम्पन्न हुँदैनन् । त्यसमाथि हतारमा वन्ने संरचना स्वतः कमजोर हुने गर्छ । उदाहरणका रुपमा निर्माणाधीन पुलहरु समयमा नसकिने र निर्माणमा लापरवाही हुने वर्षौंदेखिको समस्या हो । तर अर्को समस्या पनि यहाँ गंभीर वन्दै गएको छ । वर्षौं पुराना सडक जीर्ण बन्दै गएका छन । नयाँ बनेका सडक पनि ६ महिना नटिक्ने अवस्थाले नेपालको विकासको स्वरुप कस्तो छ भन्ने बुझाईरहनु पर्दैन । संघीय सरकारले निर्माणमात्र होइन मर्मत र गुणस्तरमा समेत ध्यान जानु जरुरी छ ।*

*अहिले निर्माण भैरहेका अधिकांश सडक र पुलहरु मर्मत र नयाँ बनाउने काम भैरहेको छ । तर निर्माण भएका अधिकांश पुलको गुणस्तर नहुँदा बर्षामा भत्किने, बाढीले बगाउने, ठूला मालबाहक ट्रकको लोड पुलले धान्न नसक्ने समस्या बढ्दै गएको छ । बर्षायाममा नदी बेगले बग्छ भने पहिले भन्दा साँघुरो बहाव क्षेत्र भएकाले गहिरिने क्रम झन बढेकाले निर्माण भएका र पुराना पुल पनि जोखिममा पर्दै गएको देखिएको छ । सडक र पुल निर्माणमा राज्यले करोडौं लगानी गरिसकेको छ । आगामी दिनमा अहिले भन्दा धेरै गुणा पैसा जोखिम व्यवस्थापनमा खर्च गर्नुपर्ने बाध्यता आएको छ । तसर्थ निर्माण आयोजनामा ढिलाईले चिन्ता थपिरहेको बेला सम्पन्न भएका आयोजनाको गुणस्तरमा समेत शंका उत्पन्न हुने अवस्था आउने गंभीर कुरा हो । यस विषयमा संघीय सरकारको ध्यानाकर्षण हुनैपर्दछ । बर्षौं लगाएर सम्पन्न भएका आयोजनाको गुणस्तरमा खेलाँची नहोस् ।*

# पुस्तान्तरणको बाधक जनता कि नेता ?



श्रीप्रसाद प्रसाई

एकताका राजनीतिक परिवर्तनले मात्र होइन, सत्ता परिवर्तनले पनि सर्वसाधारण नागरिकलाई उत्साहित गराउँथ्यो । विगतको भन्दा अबको नेतृत्वले मुलुकको भविष्य उज्ज्वल बनाउँछ भन्ने आशा जनतामा पलाउँथ्यो । निजी स्वार्थभन्दा माथि उठेर समयानुकूल सरकारले परिवर्तन ल्याउँछ भन्ने सबैको विश्वास हुन्थ्यो । सरकारले पनि मुलुक र जनताको हितलाई सर्वोपरि ठान्थ्यो । तर उही सत्ता, उही प्रक्रिया, उस्तै नेतृत्व हेरफेर हुने भए पनि अहिले सत्ता परिवर्तन जनचासोको विषय बन्दैन । यसको कारण आशालाग्दा नयाँ अनुहारले सत्ताको नेतृत्व सम्हाल्ने मौकै पाउँदैनन् । उनै दुर्गन्धित स्वार्थी व्यक्तिहरू नै बराबर सरकारमा पुगेको परिदृश्य अहिले जनताको उत्साह होइन नैराश्यताको कारण बन्छ । पहिले फलानो बहादुर प्रधानमन्त्री भयो भन्ने सुन्दा जनताका कान ठाडा हुन्थे, तर अहिले फलानो बहादुर प्रधानमन्त्री हुँदै छ भन्ने सुन्दा जनताका कान खस्कन्छन् । बहादुर त दुवै नामका बहादुर हुन्, काँतर होइनन् तथापि उनीहरूको कार्यशैली भने नीतिगत रूपमा बहादुर हुँदैन ।

पछिल्लो समयको सत्ता फेरबदल 'जुन जोगी आए पनि कानै चिरेको' भन्ने लोकोक्तिजस्तै बन्ने गरेको छ । अहिलेको सत्ताको फेरबदल सर्वसाधारणका लागि होइन, दलीय गुट उपगुटका लागि भने उत्साह र चासोको विषय बन्छ । विरोधी गुटलाई पछि पारेर आफ्नो गुट सत्तामा पुगे गुटगत फाइदाबाट लाभान्वित बन्न पाइने लालसाले नेता कार्यकर्ताका कान ठाडा हुन्छन् । यो राजनीतिक स्वार्थको पराकाष्ठा हो । हाम्रो मुलुकको राजनीति अहिले यही अवस्थामा पुगेको छ । लोकतन्त्रसँगसँगै भित्रिएको दूषित राजनीतिक वातावरणभित्र दलीय सिद्धान्तको भन्दा व्यक्तिगत स्वार्थले बढावा पाउँदै आयो । गुटगत राजनीतिलाई सुसंगठित बनाउन जस्तोसुकै हतकण्डा प्रयोग गर्न पनि नेताहरू पछि परेनन् । सत्तामा पुग्ने र टिकिरहने उद्देश्यले जनप्रतिनिधिहरूकै खरिद बिक्री हुनथाल्यो । सत्ता जोगाउन शीर्षस्थ नेताले नै यस प्रवृत्तिलाई प्रोत्साहित गराउँदै ल्याए । यस्तै दूषित राजनीतिक पृष्ठभूमिभित्र भ्रष्टाचारले मौलाउने अवसर पायो ।

लोकतन्त्रका नाममा गुटतन्त्र हावी हुँदै आएपछि व्यक्ति नै सर्वेसर्वा बन्नु स्वाभाविक हो । यही क्रममा राज्यका ऐन कानुनभन्दा नेताकै आदेश ठूलो ठानियो । विधिले भन्दा व्यक्तिको स्वेच्छाचारितामा राज्य सञ्चालित हुनथाल्यो । जनप्रतिनिधिमूलक सर्वोच्च संस्था संसद् र सिंगो पार्टीपंक्ति नै व्यक्तिको पछि लाग्ने अवस्था आएपछि जनताको भन्दा नेताको स्वार्थ महत्वपूर्ण बन्दै आयो । सरकारलाई लगाम लगाउने संसदै निरीह बनेपछि सरकार प्रमुख लगाम बेगर स्वतन्त्र विचरण गर्नु स्वाभाविक हो ।

दललाई भन्दा गुट उपगुटलाई ठूलो ठान्ने, गुट उपगुटभन्दा त्यसको नेतृत्वलाई सर्वेसर्वा मान्ने तथा दलीय शीर्षस्थ नेताले आफैंलाई राज्य ठान्ने प्रवृत्तिको अन्त्य नभएसम्म मुलुक र जनताको हित हुँदैन । सबै दलका अहिलेका अधिकांश शीर्षस्थ नेताहरू यही मानसिकताका छन् । स्वेच्छाचारी र अवसरवादी नेताहरू नै बराबर पालोफेरोमा सत्तामा पुगिरहने तथा मुलुकले निकास नपाउने हो भने निकट भविष्यमा मुलुकमा अर्को राजनीतिक संकट आउनसक्छ । यसको संकेत हालै दुर्गा प्रसाईंको नेतृत्वमा सञ्चालित गतिविधिले दिइसकेको छ । यसर्थ, मुलुक र जनताको हित चाहने हो भने मुलुकमा अब राजनीतिक पुस्तान्तरण अनिवार्य छ । सरकारको नेतृत्व दोस्रो पुस्ताका दक्ष र इमानदार युवा नेताले सम्हाले राजनीतिक पुस्तान्तर भएको मानिन्छ । नेतृत्व तहमा पुगे राज्यलाई गतिशीलता प्रदान गराउने क्षमता भएका योग्य युवा नेताहरू अहिले प्रायः गरी सबै पार्टीमा छन् ।

यस्ता प्रतिभाशाली युवालाई स्वार्थको राजनीति गर्न खप्पिस अग्रज नेताले छायामा राख्दै आएका छन् । युवा नेताको जोश, जाँगर, परिपक्व र स्वच्छ विचार तथा इमानदार र उदार कार्यशैली राष्ट्रहितको कार्यमा समर्पित गराउने बेला यही हो । स्वेच्छाचारी, भ्रष्ट, असक्षम, बराबर कलंकित बन्दै आएका तथा राजनीतिबाटै अवकाश दिलाउनुपर्ने कतिपय शीर्षस्थ भनिने सबै दलका अगुवा नेतालाई अब जनताले पुनः सत्तामा पु-याएर आफ्नै खुट्टामा बन्चरो प्रहार गरेसरह हुनेछ ।

अझैपनि अस्ताउँदा नेताकै हातमा राज्य सुम्पिने हो भने मुलुककै भविष्य अन्धकार हुन्छ । उदाउँदा युवा नेताको हातमा सत्ता सुम्पिए मुलुक चहकिलो बन्छ । बराबर सत्ताको स्वाद चाखेका अवकाशोन्मुख नेताका लागि राजनीतिक पुस्तान्तरको कुरा सैह्य नहुनसक्छ । किनकि, पार्टीमा देखिएको युवा शक्तिको उदय ज्येष्ठ पुस्ताका लागि घातक हुनु स्वाभाविक हो । हुन त कतिपय युवा नेतामा अग्रज पुस्ताकै अस्वस्थ्य राजनीतिक प्रभावको छाप परेको नहोला भन्न सकिन्न । तथापि, परीक्षणकै रूपमा प्रस्तुत हुने उनीहरूको कार्यशैली मुलुक र जनताका निम्ति लाभदायक बन्नसक्छ । किनकि, उनीहरूको राजनीतिक जीवन लामो छ र लोकप्रियता आर्जनका निम्ति सत्ता सञ्चालन उनीहरूको परीक्षणको कसी नै बन्नसक्छ । अस्ताउँदो सूर्यलाई भन्दा उदाउँदो सूर्यलाई नै सबैले पूजा गर्ने भएकाले युवा नेतृत्वप्रति सर्वसाधारणको विश्वास हुन्छ । विगतकै दृष्टान्त हेर्ने हो भने पञ्चायतकालमै केही युवा नेताले मन्त्रिमण्डलको नेतृत्व गरेका थिए । उनीहरूको कार्यसम्पादन पनि प्रभावकारी हुन्थ्यो ।

नेपाली जनतामा राजनीतिक चेतना आइसकेको भए पनि त्यो निष्प्रभावित रूपमै व्यवहारमा अझै निर्णायक रूपमा प्रस्तुत हुन पाएको छैन । किनकि, समस्याको भूमरीमा रहेका अधिकांश जनताका लागि राजनीतिभन्दा व्यक्तिगत समस्या महत्वपूर्ण ठानिने भएकाले उनीहरू नेताको स्वार्थप्रेरित लालचबाट उत्तिखेरै प्रभावित बन्न बाध्य हुन्छन् । विपन्न जनताको दयनीय अवस्थाको फाइदा नेताहरूले लिइरहेका छन् । क्षणिक स्वार्थ र प्रलोभनभन्दा मुलुकको दीर्घकालीन हित सर्वोपरी हो भन्ने मानसिकता सबैमा जागृत भए पनि व्यवहारमा पूर्ण रूपले रूपान्तरित भइसकेको छैन । जनताको जीवनस्तरमा सुधार र मुलुक विकासमा समर्पित रहने राजनीतिक प्रतिस्पर्धालाई अहिले स्वार्थको राजनीतिले विस्थापित गरिसकेको छ ।

पदलोलुप उही परम्परागत प्रवृत्तिकै नेताहरू बराबर अगाडि आइरहने कारण पनि यही हो । सत्तामा पुग्ने, टिकिरहने र दलीय एवं व्यक्तिगत स्वार्थमा मरिमेट्ने राजनीति स्वच्छ राजनीति होइन । यस्तो दूषित राजनीति गर्दै आएका व्यक्तिका निम्ति क्षमतावान्, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय राजनीतिका जानकार तथा विषयवस्तु'दयगतमा तार्किक ढंगले बहस र मूल्यांकन गर्नसक्ने सक्षम व्यक्ति घातक ठानिन्छन् । यस्तो सक्षम व्यक्तिभन्दा, नेताको नजरमा आफूप्रति अन्धोभक्ति देखाउने सामान्य लेखापढकै पिछलग्गु व्यक्ति बढी सहयोगी बन्ने भएकाले शीर्षस्थ नेताहरूले यस्तै 'एस मेन'लाई संसदमा पुऱ्याउँदै आएका छन् । संसद् निरीह बन्ने प्रमुख कारण पनि यही हो ।

वास्तवमा संघीय संसद्मा पुग्ने व्यक्ति मुलुकको राष्ट्राध्यक्ष र कार्यकारी प्रमुखकै उम्मेदवार बन्ने हैसियतको मानिन्छ । यो हाम्रो संवैधानिक विशेषता नै हो । संघीय संसद्को सांसद पदमा निर्वाचित जोसुकै पनि राष्ट्रपति र प्रधानमन्त्रीको पदमा पुग्नसक्छ भन्ने कुरा जनताले बुझेको भए पनि त्यस्तै व्यक्ति छनोट गर्ने क्रममा उसको योग्यता, राजनीतिक हैसियत र कार्यदक्षता, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय राजनीति'दयगतको ज्ञान, इमानदारिता तथा जनउत्तरदायी कार्यशैली कस्तो छ ? भन्ने 'दयगतमा जनता अझै संवेदनशील देखिँदैनन् । पार्टीले उम्मेदवार बनाएको व्यक्ति योग्य होस् वा नहोस्, जनतालाई मतलब हुँदैन । तर, त्यस्तै व्यक्तिलाई पार्टी प्रतिनिधिका रूपमा विजयी बनाउनु आफ्नो कर्तव्य भएको ठान्ने अदूरदर्शी जनदृष्टिकोणबाट शीर्षस्थ नेताले फाइदा लिइरहेका छन् । यसले गर्दा अधिकांश त नेताकै पिछलग्गुहरू नै संसद्मा पुग्ने गरेका छन् । यस्तै, सांसदहरू अनिर्णयको बन्दी बन्न पुग्दा एका दुई शीर्षस्थ नेताले नै पार्टीदेखि सरकारसम्म हालीमुहाली गर्दै आएका छन् । उदीयमान नेता स्थापित भए अस्ताउँदा नेता विस्थापित हुने संत्रासले दलीय शीर्षनेता नै पुस्तान्तरणको बाधक बनेका छन् ।

पछिल्लो समयमा मुलुकमा राजनीतिक परिवर्तन आयो, तर नेताहरूकै कार्यशैलीमा परिवर्तन आएन । राजनीतिक सिद्धान्तलाई वैचारिक बहस र चर्चाको विषय बनाउनुपर्नेमा नेताहरूबीचको व्यक्तिगत स्वार्थलाई बहस र चर्चाको विषय बनाइयो । गरिमामय जनप्रतिनिधिमूलक संघीय संसद्लाई, प्रतिभाशाली बौद्धिक व्यक्तित्वहरूकै अखडा बनाउनुपर्नेमा नेताकै पिछलग्गु दस्तामा रूपान्तरित गरियो । मुलुक र जनताको हितले भन्दा संसद्मा नेताको स्वार्थले महत्व पायो । कुसंस्कार र कुप्रवृत्ति अन्त्यका निम्ति संसद्मा पारस्परिक विचार र दृष्टिकोण मन्थन हुनुपर्नेमा व्यक्तिवादी दृष्टिकोण मन्थन हुँदै आयो । यस्तै, परम्परागत विकृतिको अन्त्य गरी मुलुकको राजनीति स्वच्छ र पारदर्शी बनाउन राजनीतिक पुस्तान्तर अत्यावश्यक छ । सात दशक पार गर्दा पनि अझै आफूलाई युवा ठान्ने संकुचित मानसिकताका अनुदारवादी निष्क्रिय नेतालाई नपन्छाएसम्म अब मुलुकको विकास हुनसक्दैन । मुलुकले अहिले स्वेच्छाचारिताको होइन सिद्धान्तको राजनीति गर्ने व्यक्ति खोजिरहेको छ । परम्परागत प्रवृत्तिलाई निरन्तरता दिने होइन, विकास र प्रगति गर्ने युवा नेता चाहेको छ । कस्तो व्यक्तिलाई राज्य सञ्चालनको दायित्व सुम्पने ? अब नेपालीले नै सोच्नुपर्छ । जनतालाई धोका दिने होइन, काम गरेर देखाउने नेतृत्व मुलुकले खोजेको छ । यसक्रममा मुलुक र जनताकै हितलाई सर्वोपरी ठान्ने, पदीय दायित्व कुशलतापूर्वक सम्पादन गर्नसक्ने, व्यवहार र कार्यशैली स्वच्छ र पारदर्शी भएको, निष्कलंक र उदार मानसिकताको, निस्वार्थ इमानदार तथा दृढ नेतृत्व वहन गर्ने खुबी भएको जनप्रिय युवा नेतालाई सत्तामा पुऱ्याइए मुलुकमा परिवर्तन आउनसक्छ । यसप्रति सबैको ध्यान पुग्न जरुरी छ ।

नयाँ सोच र सुधारवादी दक्ष नेतृत्व सत्तामा नपुगेसम्म जनताको सर्वपक्षीय हित र मुलुकको विकास हुनसक्दैन । यसका निम्ति पुस्तान्तरण अपरिहार्य छ । यो सर्वसाधारण सबैले महसुस गरेको भए पनि व्यवहारमा लागू हुन सकेको छैन । पुस्तान्तरण गर्ने-गराउने प्रत्यक्ष दायित्व जनतामा निहित भए पनि पुस्तान्तरण स्थापित गराउने कार्यमा महत्वपूर्ण भूमिका राजनीतिक व्यक्तिकै हुन्छ ।

तर, राष्ट्रिय राजनीतिमा प्रभवशाली देखिँदैन आएका दलीय शीर्षस्थ नेताकै कारण पुस्तान्तरण व्यवहारमा स्थापित हुन सकेको छैन । शीर्षस्थ नेताहरू नै पुस्तान्तरण गरेर आफ्नो खुट्टामा आफैंले बन्चरो हान्न चाहँदैनन् । विगतको पछिल्लो आमनिर्वाचन र स्थानीय निर्वाचन परिणामले युवा पुस्तामा नेतृत्व सुम्पनुपर्ने संकेत गरिसकेको छ । तर, उदीयमान नेतालाई राजनीतिमा स्थापित गरिए अस्ताउँदा नेता विस्थापित हुनुपर्ने अवस्था आउने सन्त्रासले पनि राष्ट्रिय राजनीतिमा हालीमुहाली गर्दै आएका दलीय शीर्षस्थ नेता नै विपक्षमा उभिँदै आएका छन् ।

यस्तै मानसिताका नेता मात्र होइन, उनीहरूबाटै राज्य सुध्रन्छ भन्ने आकांक्षाले राष्ट्रिय राजनीतिमा मौका दिइरहने यथास्थितिवादी मतदाता पनि पुस्तान्तरणका बाधक हुन् । यसर्थ, सबै जनताको मानसिकता परिवर्तनकारी नभएसम्म मुलुकको हित र जनताको उत्थान गर्ने दक्ष, योग्य र इमानदार युवा नेता नेतृत्वमा पुग्नसक्दैन । यसतर्फ आमनेपालीले नै ध्यान पु-याउनुपर्छ ।(राजधानी)

# अन्तर्राष्ट्रिय समाचार

## मिसाइल आक्रमणमा १८ को ज्यान गयो

रसिया, १० माघ (सिह्वा) । रुसले युक्रेनका ठूला सहरहरूमा मिसाइल आग्रमण गर्दा कम्तीमा १८ जनाको ज्यान गएको छ । त्यस्तै एक सय ३० जनाभन्दा धेरै घाइते भएका छन् । रुसको पछिल्लो आक्रमणपछि युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले एक सम्बोधनमा क्रममा रुसले विभिन्न प्रकारका ४० वटा मिसाइल प्रक्षेपण गरेको बताउनु भएको समाचार संस्था अलजजिराले जनाएको छ ।

उहाँले मिसाइल प्रक्षेपणका कारण एक सय ४० वटा घरसहित दुई सयभन्दा बढी भौतिक संरचना र भवन ध्वस्त भएका जानकारी दिनुभएको छ । प्रभावित क्षेत्रमा उद्धारको काम भैरहेको छ । आक्रमणमा परि त्यहाँ बस्ने सामान्य र निर्दोष नागरिकको ज्यान गएको खबरमा उल्लेख छ । राष्ट्रपति जेलेन्स्कीले यो आक्रमणको कडा जवाफ दिने प्रतिक्रिया दिनुभएको छ ।

# एरिक सोल्हेम, प्रचण्ड र ज्ञानको सीमा



राजेन्द्र बजगाई

नर्वेका पूर्वमन्त्री एरिक सोल्हेमले पूर्व संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम यूएनडीपीका प्रमुखले एक ट्वीट गरेका रहेछन् । एरिक सोल्हेम अहमदाबादमा आयोजित 'भाइब्रन्ट गुजरात' समिटमा बोल्दा म निकै उत्साहित थिएँ भनेर लेखेका रहेछन् । गृहमन्त्री अमित शाह र मुख्यमन्त्री भूपेन्द्र पटेलसँगै प्रधानमन्त्री मोदीको गृहराज्यमा बोल्न पाउँदा मलाई खुसी लाग्यो भन्दै 'ग्रीन हाइड्रोजन' र भारतीय हरित कार्यक्रमको चर्चा गरेका रहेछन् ।

मैले पनि गुजरातको सक्रिय नेतृत्वले ग्रीन हाइड्रोजन, सौर्य, वायु, विद्युतीय गतिशीलता र अन्य धेरैमा अचम्मको लगानी आकर्षित गरेको हेरिरहेको छु, बस् टुलुटुलु हेरिरहेको छु । केही समयअघि मसहित सांसद साथीहरू प्रदीप पौडेल र माधव सापकोटा ओआरएफको इनर्जी समीटमा गएका थियौं जहाँ मैले पाँच मिनेट हस्तक्षेप गरेको थिएँ बाँकी विचारहरू मैले एक लेख प्रकाशित गरेर समेटेको पनि छु ।

दिल्लीमा आयोजित ओआरएफ समीटमा अस्ट्रेलियाका दोस्रो धनी प्रमुख वक्ता एन्ड्र्यु फरेस्टलाई देखें । त्यहाँ उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सरकारको खुलेर प्रशंसा गरेको सुनें । भारत इनर्जी ट्रान्सफर्मेसन-ट्रान्जिसनमा निकै प्रतिवद्ध देश भनेर उनले प्रशंसा गरेका थिए । एकछिन पछि मैले उनलाई सोधें कि नेपालमा तपाईंहरूको हाइड्रोजन उत्पादन गर्ने प्रयास कहाँ पुग्यो ? मेरो चासोप्रति उनले नेपालको अग्रसरता नै छैन भन्ने संकेत पाएँ । उनलाई आफूले नेपालको उर्जा सम्बनधी कानुन परिमार्जित हुँदैछ मैले यसलाई समेट्ने कोसिस गरेको छु भनेको थिएँ । नेपालमा ग्रीन हाइड्रोजनमा लगानी गर्ने अभिप्रायले आफ्नै जहाज चार्टर गरेर मध्यकोभिडमा नेपाल आएका एन्ड्रयुले १० हजार मेगावाट जलविद्युत निर्माणको लागि प्रस्ताव राखेका थिए । उक्त प्रस्तावको साक्षी तत्कालीन परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली हुनुहुन्थ्यो र उक्त प्रस्ताव लगानी वोर्डमा खिया लागेर छिपेर बसेको छ ।

यस्तो लाग्छ सर्वदलीय मध्यस्थकर्ता (छुच्चो भएर भन्दा दलाल) ले मात्र यो फाइल पाएर पसिनाको सेयर लिन मेहनत गरे पनि हुने तर त्यो पक्कै असम्भव हुनेछ कि एन्ड्र्यु फरेस्टहरू यस्तो काममा विश्वास गर्दैनन् । भारतले अहिलेदेखि २०४९ सम्मको समयलाई अमृतकाल भनेको छ यो अवधिले भारतीय नागरिकलाई स्वतन्त्रताको सय वर्षको वार्षिकोत्सवमा उच्च प्रतिव्यक्ति आय र गरिबी निवारणको हर्ष साँट्ने पर्वको रूपमा मनाउनेछ ।

भारत अहिले प्रति वर्ष सात प्रतिशतको वृद्धिदरमा अघि दौडिरहेको छ, जुन संसारको कुनै पनि प्रमुख अर्थतन्त्रको उच्च दर हो । जनता केन्द्रित हरित वृद्धिले भारतलाई उच्च आय भएको देश बनाउने र सबै भारतीयहरूलाई गरिबीबाट बाहिर ल्याउनेछ । गुजरात मोडेल अहिले (बाँकी ३ पेजमा...)

## एरिक...

भारतका प्रगतिशील राज्यहरूको कोषेढुंगा बनेको छ । यहाँ एउटा संयोग पनि कस्तो रह्यो भने हालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र म एउटै जिल्लाबाट निर्वाचनमा भाग लिएर जितेर आएका हौं, अर्थात् हामी एकै जिल्ला दुइ निर्वाचित प्रतिनिधि हौं । क. प्रचण्डले मलाई गोरखा ल्याउनमा राजेन्द्र बजगाईंको प्रमुख हात रहेको भनेर चुनावी अभियानमा सम्बोधन पनि गर्नु भो । यसो त प्रधानमन्त्री मज्जाका हुनुहुन्छ । गोरखा सदरमुकाममा एकजना कांग्रेस समर्थक कर्मचारीले ६४ सालको निर्वाचन पछि लोकतान्त्रिक प्रथम प्रधानमन्त्री अत्यन्त कठोर होलान् भन्ने कौतुहलता बोकेर स्वागतार्थ मालामा लामबद्ध भएको बेला कमरेड प्रचण्डसँग हात मिलाएछन् । उनी कमरेडको हात निकै नरम कमलो पाएछन् त्यो दिन उनले खाना पनि खाएनन् हात पनि धोएनन् ।

प्रचण्डलाई नेपाली राजनीतिमा उनी अत्यन्त लचक रबरजस्ता देखिन्छन् र मैले पनि त्यस्तै बुझेको थिएँ ! कमरेड प्रत्येक मानिसका भावना बुझेको देखाउन सक्ने सोहिअनुरूप संवादमा आउनेहरूलाई विचार बनाउन बाध्य बनाईदिन सक्ने तर आफ्नो कोर ध्येय नबिर्सने लचिलो तर तन्केको रबरले हान्दा कसरी दुख्छ त्यति कठोर पनि हुन् भन्ने कूरा मान्छेहरूले बुझेका छैनन् भन्ने निश्चय लिएको छु । निर्वाचन दौरानमा अलि गहिरिएर कुरा गरियो गोरखाकै विकास निर्माणका कुराहरू भए । सर्वप्रथम; मैले टिकट लिएर गोरखा जाँदा उहाँले कसरी ल्याउनु भो टिकट मैले त चीनकाजीलाई बधाई दिएर आएको भन्नुभो ! निर्वाचन दौरानमा बूढीगण्डकी परियोजना निर्माण गोरखकाली रबर उद्योगलगायतमा अभिरुचि बढेको सन्देश पठायौं । सरकार बन्नेबेला निकै नमिठो अनुभव भयो एमालेको प्रस्तावमा सरकार बन्यो नेपाली वामशक्तिहरू एकताको शृ<sup></sup>ला फेरि आरम्भ भयो ।

कांग्रेस सभापति शेरबहादुर देउवासँग करिब करिब संवाद ठप्प थियो । दोहोरो भेटहरू पछि मैले मेरै ह्वाट्सएैपबाट कल लगाएर सुरू भएको हो । दुईजनाले लाल सलाम र जय नेपालबाट रोकिएको संवाद सुरू गरेका थिए । त्यसको एक हप्तामा उनीहरूको डिनर आरम्भ भयो डिनरको निरन्तरता ६/७ पटक चल्यो लगत्तै कांग्रेसले प्रचण्डलाई विश्वासको मत दिने घोषणा गर्यौं । मैले सारमा क. प्रचण्डको अभिरुचि के हो भन्ने अभिप्रायले निर्वाचनभरि भारत र चीनका सरकार प्रमुखहरू संसारका प्रतिष्ठित उद्योगपतिहरूलाई आमन्त्रण गर्छन् भेट्नै जान्छन् तपाईंले प्रधानमन्त्री भैसके पछि केही प्रयास गर्न सक्नुहुनेछ भनेको थिएँ । फेसबुक, गुगल, माइक्रोसफ्ट, एमजोन, ट्विटरका प्रवर्तक र कार्यकारीलाई डेटा सेण्टरहरू खोल्न अनुरोध गर्न सकिन्छ भनेर सुझाव पनि दिएँ । वस्ती स्थानान्तरण गरेर विकासको मूलधारमा ल्याउने वफरलाई जडिबुटी प्रशोधन पर्यटन पूर्वाधार र ढुवानीका लागि ठुल्ठूला एअरवेश बनाउने, उत्तर दक्षिण ३२ चक्के लरी गुड्ने सडक र पूर्वपश्चिम रेललगायतका ठूला पूर्वाधारमा सरकार अघि बढ्नुपर्छ भनेको थिएँ । प्रधानमन्त्रीले ती सबै काम हुन्छ हुन्छ भन्नुभयो । किनकि उहाँ निकै नरम व्यक्ति हुनुहुन्छ हुन्न भन्नै जान्नुहुन्न । फर्केर इनर्जी ट्रान्जिसनमा एरिक सोल्हेम र एण्ड्रयू फरेस्टको नेपालप्रतिको रुचि र तीव्र जिज्ञासामा प्रधानमन्त्रीको ध्यान भंग हुन्छ भन्ने लागेको भए यो लेख लेख्नै पर्दैथ्यो। प्रधानमन्त्रीको ज्ञानको विषयमा मलाई शंका छैन उहाँले नजानेको विषय केही छैन । किनकि उहाँ छर्रा हान्ने भरूवा बन्दुकमात्रै होइन एम सिक्सटीनकै बारेमा पनि धेरै जानकार हुनुहुन्छ । कुनै यस्तो विषय लिएर उहाँकहाँ पुग्दा पहिल्यै जानकार रहेको प्रतिक्रिया पाउनुहुनेछ । तर जानकार हुनु र कार्यान्वयनको तहमा लैजानु फरक कुरा हुन् भनेर उहाँलाई बुझाइदिने को निस्किएला ?(बाह्रखरी)

# प्युठानको मल्लरानीमा 'जिपलाइन'

स्वर्गद्वारी (प्यूठान), माघ १० । प्यूठानको सुन्दर पर्यटकीय क्षेत्र मल्लरानीमा साहसिक खेल 'जिपलाइन' निर्माण गरिएको छ । पर्यटकीय स्थलको प्रवर्धन र पर्यटक आकर्षित गर्न 'जिपलाइन' निर्माण गरिएको हो ।

जिल्लाको सदरमुकाम खलङ्गा सङ्घीयतापछि सुस्ताउँदै गइरहेको थियो । खलङ्गासहित मल्लरानी क्षेत्रमा पर्यटन प्रवर्धनका लागि स्थानीयवासीले अम्ब्रेलास्थल गरी प्रचार, मल्लरानीमा खाना महोत्सव गर्दै आएकामा अब साहसिक पर्यटकीय पूर्वाधार 'जिपलाइन' मल्लरानी टुरिजम इन्भेष्टमेन्ट प्रालिले रु. एक करोड लागतमा निर्माण गरेको अध्यक्ष इमानसिंह भारतीले जानकारी दिनुभयो ।

मल्लरानी गाउँपालिका-४ का धाइरेचौर सामुदायिक वन र पालेवन सामुदायिक वन क्षेत्रमा जिपलाइन निर्माण गरिएको छ । वनले पर्यापर्यटन विकास कार्यक्रम सञ्चालनको कार्ययोजनाअन्तर्गत जिपलाइन निर्माण गरेको छभने समन्वय प्रालिले गरेको नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्षसमेत रहनुभएका भारतीले बताउनुभयो । 'जिपलाइन'को चलान बिन्दुबाट अवतरण बिन्दुसम्मको दूरी छ सय ५० मिटरको छ ।

भारतीले भन्नुभयो, "जिपलाइनको निर्माणले मल्लरानी क्षेत्रमा पर्यटनको आगमन वृद्धिको विश्वास छ ।" जिपलाइनमा दैनिक दुई सयजना बढीले खेल्न सकिनेछ । जिपलाइनको औपचारिक उद्घाटनको तयारी भइरहेको छ ।

पछिल्लो समय मल्लरानी पर्यटकीय गन्तव्य बन्दै गइरहेको छ । पर्यावरणीय आनन्द प्राप्त गर्ने मल्लरानी सुन्दर पर्यटकीय गन्तव्य हो । प्यूठानको सदरमुकाम खलङ्गाबाट दुई किमी नजिक रहेको मल्लरानीबाट धवलागिरि, माछापुच्छ्रेलगायतका थुप्रै हिमाल देख्न सकिन्छ ।

## बुटवल...

बसन्तप्रसाद ढकाल, सचिव प्रतिक पोखरेल, सहकोषाध्यक्ष धनाकुमारी (सविता) खनाल, सहित कार्यसमिति सदस्यहरुको सहभागिता रहेको थियो ।

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले कुस्मामा कार्यशाला गोष्ठि गरिरहँदा पर्वत उद्योग वाणिज्य संघका अध्यक्ष गोपी अधिकारी सहित पदाधिकारी, कुस्मा नगरपालिकाका नगरप्रमुख रामचन्द्र जोशी, प्रतिनिधी सभा सदस्यद्वय डा. सशांक कोइराला, डा. चन्द्र भण्डारीले पनि कार्यक्रम स्थलमै पुगेर शुभकामना व्यक्त गर्नुभएको संघका कार्यसमिति सदस्य तथा रणनीतिक योजना कार्यशाला गोष्ठिका संयोजक निर्मित कसजूले बताउनुभयो ।

संघले पहिलोपटक कुशप्रसाद मल्ली अध्यक्ष हुँदा २०५९ सालदेखि रणनीतिक योजना निर्माण गरेको थियो । त्यसयता हरेक कार्यकाल सुरुभएपछि कार्यकालभरीको रणनीतिक कार्ययोजना निर्माण गरी सोही अनुसार संघले आफ्ना गतिबिधि अगाडि बढाउँदै आएको छ ।


### Bhumikasthan Municipality

Nuwakot, Arghakhanchi
Lumbini Province, Nepal

### Invitation for Bids

*Date of publication: 25-01-2024 (2080-10-11)*

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding - Single Envelope Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.1000/- as bidding document fee in the account as specified below:

**Information to deposit the cost of bidding document in Bank:**

- **Name of the Bank:** Parbhu Bank Ltd.
- **Name of Office:** Bhumikasthan Municipality Office
- **Office Account no:** 2587086986800138
- **Account Name :** Internal Revenue.

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 09th February,2024 13:00 hours at the office of Bhumikasthan Municipality ArghakhanchiLumbini Province Nepal. Bid Security must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.

**Information to deposit the BID Security Amount in Bank:**

- **Name of the Bank:** Parbhu Bank Ltd.
- **Name of Office:** Bhumikasthan Municipality Office
- **Office Account no:** 2587086986800048
- **Account Name :** Dharouti Account.

5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality ArghakhanchiLumbini Province, Nepal at 04th February, 2024 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 09-02-2024 12:00 PM. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 09-02-2024 13:00 hours at the office of Bhumikasthan Municipality ArghakhanchiLumbini Province, Nepal.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|---|
| 21/BMA/W/UPG/080/81 | Pauwa Field Compound Fencing and Gate Construction Works. | NRs. 1000.00 (Not Refundable) | 1298695.692 | 37500 | 75 Days |
| 22/BMA/W/UPG/080/81 | BelbotDadagaunDurbangMotorable Road Strengthening Works | NRs. 1000.00 (Not Refundable) | 865795.97 | 25000 | |
| 23/BMA/W/UPG/080/81 | LisepaniPandheraDeuraliSarukateraTallapakuMotorable Road Strengthening Works. | NRs. 1000.00 (Not Refundable) | 1298699.33 | 37500 | |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



### Butwal Sub-Metropolitan City
### Office of the Municipal Executive

Butwal, Rupandehi
Lumbini Province, Nepal

### Re-Invitation for Bid

***Date of Publication: 2080/10/11 B.S.***

1.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the followings **Annual Sanitation Works.**

| S.N | Contract No. | Description of works | Estimate Amount ( excluding PS, VAT and Contingencies) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | 12/080/81 /BSMC/ Works/ NCB | Cleaning of Administrative Building | 26,52,636.00 | 75,000.00 | 3,000.00 | 2080/10/26 B.S Time up to 12.00hrs | 2080/10/26 B.S. Time up to 13.00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| Office Name | Butwal Sub-Metropolitan City, Butwal | |
| Office Code No. | 801054801 | Rastriya Banijya Bank, Butwal |
| Rajaswa Khata No. | 3120100301010002 | |
| Deposit Account No. | 3120100303000002 | |

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website ***http://www.bolpatra.gov.np/egp*** (online) only.

4.0 Any Condition so far not cover shall be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website ***http://www.bolpatra.gov.np/egp*** and in Office notice board.

5.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

Procurement Unit
**Butwal Sub-Metropolitan City**
Butwal, Rupandehi



## ट्वाईलेट सफा गराउनुहोस्

के तपाईको घरको सिट,नाली जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता अत्याधुनिक प्रविधी, पावरफुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एकमात्र सेनेटरीलाई सम्पर्क गर्नु होस ।

ट्याक्सी रिजर्भकोलागि पनि सम्पर्क गर्नुहोला

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर

**मोवाईल नं:- ९८५७०५८८१३, ९८०७१८०८१३**

*हामी तपाईको समस्या तुरुन्तै पाँच मिनेटमा हल गरिदिने छौं ।*



### प्रहरी

| | |
|---|---|
| ट्राफिक प्रहरी भैरहवा | ०७१-५२२८७५ |
| बुटवल | ०७१-५४०२२२ |
| भैरहवा | ०७१-५२०१९९ |
| अर्घाखाँची | ०७७-४२०१९९ |
| गुल्मी | ०७९-५२०१९९ |
| परासी | ०७८-५२०१९९ |
| तौलिहवा | ०७६-५६००९९ |
| पाल्पा | ०७५-५२०२५५ |
| दाङ, घोराही | ०८२-५६०१९९ |
| तुल्सीपुर | ०८२-५२०१९९ |
| प्रहरी चौकी गल्याङ | ०६३-४६०१९९ |
| ई.प्र.का.,लुम्बिनी | ०७१-४०४०३२ |
| वडा प्रहरी कार्यालय वालिङ | ०६३-४४०१९९ |
| जिल्ला प्रहरी कार्यालय चितवन | ०५६-५२०१५५ |
| इलाका प्रहरी कार्यालय गैंडाकोट | ०५६-५०११९९ |
| इलाका प्रहरी कार्यालय कावासोती | ०७८-५४०१७९ |
| इलाका प्रहरी कार्यालय, रजहर | ०७८-५४५००५ |

### एयरलाइन्स

| | |
|---|---|
| बुद्ध एयर | ०७१-५२३८९३, ०७१-५२२८९३ |
| यती एयर | ०७१-५२७५२७ |
| अग्नि एयर | ०७१-५२६७७३ |

### अस्पताल

| | |
|---|---|
| लुम्बिनी अ.अस्पताल | ५४०२००,५४०२०१ |
| भीम, भैरहवा | ५२०१९३ |
| मिशन, पाल्पा | ०७५-५२०१११ |
| पी.चन्द्र परासी | ०७८-५२०१८८ |
| भैरहवा आँखा अस्पताल | ०७१-५२०२६५ |
| अर्घाखाँची | ०७७-४२०१८८ |
| तम्घास | ०७९-५२०१८८ |
| तौलिहवा | ०७६-५६०२०० |
| सिद्धार्थ बा.तथा म.अस्पताल | ०७१-५४४५० |
| ब्लड बैंक(रेडक्रस रक्तसंचार केन्द्र बुटवल) | ०७१-५४१००४ |
| शिक्षण अस्पताल भैरहवा | ०७१-५२१७५२ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३००६६ |
| क्रिमसन अस्पताल मणिग्राम | ०७१-५६२७४४ |
| क्यान्सर अस्पताल भरतपुर | ०५६-५२४५०१ |
| मेडिकल कलेज, भरतपुर | ०५६-५२४२०३ |
| भरतपुर अस्पताल | ०५६-५२०१११ |
| लुम्बिनी मेडिकल कलेज, पाल्पा | ०७५-५२०८४० |
| एडमण्ड सी.टी.अस्पताल, बुटवल | ०७१-५५१५५८,५५१५५७ |
| देवदह मेडिकल कलेज | ०७१-६२२५७८ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४१६४१ |

### दमकल

| | |
|---|---|
| बुटवल | ०७१- ५४०१११ |
| भैरहवा | ०७१-५२०२१५ |
| दाङ | ०८२-५६०४९९ |
| नेपालगंज | ०८१-५२०१११ |
| तौलिहवा | ०७६-५६००१९ |

### एम्बुलेन्स

| | |
|---|---|
| रेडक्रस भैरहवा | ०७१-५२०२६३ |
| रेडक्रस परासी | ०७८-५२०१२५ |
| रेडक्रस पाल्पा | ०७५-५२०६०० |
| सिद्धार्थ कल्याण सेवा | ९८४७०२५६९७ |
| उ.वा.संघ दाङ | ०८२-५६००६३ |
| रेडक्रस, तुल्सीपुर | ०८२-५२००२२ |
| रेडक्रस गुल्मी | ०७९-५२०१६३ |
| लुम्बिनी विकास कोष | ०७१-५८०२०० |
| रेडक्रस चितवन | ०५६-५२०१३३ |
| तौलिहवा रेडक्रस | ०७६-५६००१५ |
| वालिङ्ग नगरपालिका | ०६३-४४०१८८, ४४०१४९ |
| रेडक्रस (वालिङ्ग) | ०६३-४४०४०१ |
| नेपाल औषधी व्यवसायी संघ | ९८५७०२५६७१ |
| लुम्बिनी निर्माण व्यवसायी संघ,भैरहवा | ०७१-५२१०५८ |
| जयसवाल सेवा समिति,भैरहवा | ०७१-५२७२११ |
| गोपाल रामप्यारी मेमोरियल ट्रष्ट | ९८४७०२१५९७ |
| देवदह अध्यात्मिक प्रतिष्ठान | ०७१-५७७३८७ |
| वनगाई क्लब, कपिलवस्तु: | ९७४७०१७१३३ |
| लुम्बिनी धर्मोदय सेवा,लुम्बिनी | ०७१-५८००४३ |
| देवदह मेडिकल कलेज (एम्बुलेन्स) | ०७१-६२१८०० |
| क्रिमसन अस्पताल, मणिग्राम | ०७१-५६२७४५ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३०००६६ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४५६४१ |

# प्रधानमन्त्री कपः आर्मीको चौथो जित



भैरहवा, माघ १० ।

त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री कप एकदिवसीय पुरुष क्रिकेट प्रतियोगितामा चौथो जित निकालेको छ । आर्मीले लुम्बिनी प्रदेशलाई पराजित गर्दै चौथो जित निकालेको हो ।

बुधबार रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा खराब मौसमका कारण २६ ओभरमा झारिएको खेलमा त्रिभुवन आर्मीले लुम्बिनीमाथि ६५ रनको जित निकालेको हो । यस जितसँगै आर्मी प्रधानमन्त्री कपमा ६ खेलमा ८ अंकका साथ तेस्रो स्थानमा उक्लिएको छ । लुम्बिनी भने १ जितका साथ नवौं स्थानमा छ ।टस हारेर ब्याटिङको निम्तो पाएको आर्मीले धिरित २६ ओभरमा ७ विकेटको नोक्सानीमा १ सय ७० रनको योगफल बनायो । आर्मीका लागि ओपनर इमरान शेखले ७० बलमा ७ चौका र १ छक्कसहित नटआउट ६७ रन जोड्दै टिमलाई बलियो स्कोरसम्म पुर्याउन योगदान दिए ।

यस्तै, इमरानलाई कप्तान विनोद भण्डारीले २५ बलमा ३४ रन जोड्दै साथ दिए । उनले ४ चौका र १ छक्का प्रहार गरेका थिए । भिम सार्कीले ४० बलमा १ चौका र १ छक्कासहित २४ रन जोड्न सफल भए । बलिङमा लुम्बिनीका नर सार्की र मोहम्मद हुसेनले समान २-२ विकेट लिए ।

जवाफमा मैदानमा उत्रिएको लुम्बिनी प्रदेश २६ ओभरमा ८ विकेट गुमाएर १ सय ५ रनमै समेटियो ।

उसका लागि कृष्ण कार्कीले नटआउट ३५ रन जोड्दै लुम्बिनीको इनिङ सम्हाले । यस्तै, मिर्नाल गुरुङले १८, मोहम्मद हुसेनले १५ र अभिशेक गौतमले नटआउट ११ रन बनाए पनि अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रान बटुल्न सकेनन् ।

आर्मीका कुशल मल्लले ६ ओभरमा ११ रन खर्चेर ४ विकेट लिए । सोमपाल कामीले २ तथा अभिनाश कर्ण र साहव आलमले समान १-१ विकेट लिए । आर्मीका इमरान शेख प्लेयर अफ द म्याच भए ।

# प्राचीन तिलौराकोटमा उत्खनन सुरु

तौलिहवा, माघ १० ।

राजा शुद्धोधनको राजदरबार एवम् बुद्धले आफ्नो जीवनको २९ वर्ष बिताउनुभएको ठाउँ प्राचीन तिलौराकोटमा यस वर्षको उत्खनन सुरु भएको छ ।

उत्खननमा बेलायतको दुरह्याम विश्वविद्यालय, पुरातत्व विभाग र लुम्बिनी विकास कोष र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विज्ञहरुको सहभागिता छ ।

उत्खनन कार्य दुरह्याम विश्वविद्यालयका प्रोफेसर रविन्स कनिंघम, पुरातत्व विभागका पूर्वनिर्देशक कोषराज आचार्य, पुरातत्व विभागका प्रमुख पुरातत्व अधिकृत भाष्कर ज्ञवाली र लुम्बिनी विकास कोषका पुरातत्व शाखा प्रमुख हिमाल उप्रेतीलगायतको सहभागितामा उत्खनन कार्य अघि बढेको हो ।



पुरातत्व विभागका प्रमुख पुरातत्व अधिकृत भाष्कार ज्ञवालीका अनुसार यसअघि उत्खनन गरिएका भग्नावशेषबाट प्राचीन कपिलवस्तु नगरको मुख्य दरबार क्षेत्र तिलौराकोट नै रहेको प्रमाणित भइसकेको र बाँकी उत्खननले तिलौराकोट दरबार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न सघाउ पुग्ने बताउनुभयो ।

उहाँले तिलौराकोट क्षेत्रमा विगत वर्षहरुमा जस्तै यस वर्ष पनि केन्द्रीय संरचना परिसर र पूर्वी विहार क्षेत्रमा उत्खनन भइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “विगतमा उत्खनन गर्दा पाएको विभिन्न चरणमा पाएका संरचनाहरु रहेको र ती संरचनाहरुको विस्तृत अध्ययनका लागि उत्खनन गरिँदै छ ।” त्यस्तै, पूर्वी विहार क्षेत्रमा विगतका वर्षमा गरिएको उत्खननबाट केही विहार, पोखरीहरु भेटिएको र ती भेटिएको संरचनाहरुको विस्तृत अध्ययन अनुसन्धानका लागि उत्खनन हुन लागेको ज्ञवालीको भनाइ छ ।

लुम्बिनी विकास कोषका पुरातत्व अधिकृत हिमाल उप्रेतीका अनुसार विगतका वर्षमा मुख्य दरबार क्षेत्र, उत्तरी गेट, मौर्याकालीन पोखरी, समयमाई मन्दिर पछाडी, शिवगढ, कन्थक स्तुप लगायतको क्षेत्रमा उत्खनन भइसकेको बताउनुभयो । उत्खनन कार्य माघ २६ गते अर्थात् फेब्रुअरी ९ सम्म चल्नेछ । युनेस्कोको विश्व सम्पदा केन्द्रमा तिलौराकोट कपिलवस्तुलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन नेपाल सरकारका तर्फबाट पेस गर्नुपर्ने मनोनयन दस्तावेजमा संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री सुदन किराँतीद्वारा हस्ताक्षर भइसकेको कोषका प्रमुख प्रशासकीय अधिकृत ज्ञनिन राईले बताउनुभयो ।

# कफी खेतीबाट विस्थापित हुँदै किसान

तानसेन, माघ १० (रासस) । पाल्पामा कफी खेती गर्ने किसान विस्थापित भएका छन् । कफीमा लाग्ने गभारो रोगलाई नियन्त्रण गर्न नसक्दा चार दशकदेखि कफी खेती गर्दै आएका किसान विस्थापित भएका हुन् । कफी खेतीमा लागेको सेतो गभारोको प्रकोप नियन्त्रण हुन नसक्दा पाल्पाका पाँच सयभन्दा बढी किसान विस्थापित भएका हुन् । हरेक वर्ष कफी खेती छाड्ने किसानको सङ्ख्या घट्दै गएको र हाल कफी खेती गर्ने किसान औँलामा गन्न सकिने किसानको भनाइ छ । कुनै बेला मुख्य नगदेबालीका रूपमा रहेको कफी खेतीबाट गभारोकै कारण किसान विस्थापित हुने अवस्था पुगेको पाल्पाका किसानको भनाइ छ ।

कफीमा लागेको गभारो नियन्त्रणका लागि दक्ष प्राविधिक नहुँदा किसान विस्थापित हुन बाध्य भएको तानसेन-६, बर्तुङका पुराना किसान रेवन्तबहादुर विष्टले बताउनुभयो । विसं २०३८ देखि निरन्तर रूपमा कफी खेती गर्दै आएका पाल्पाका किसान गभारो नियन्त्रणमा असफल हुँदा कफी खेती गर्न छाडेको उहाँले बताउनुभयो । कफी खेतीका लागि सरकारी तहबाट समेत ठोस सहयोग प्राप्त गर्न नसकेको पुराना किसान विष्टको भनाइ छ । एक दशकअघिसम्म जिल्लाको तानसेन, यम्घा, रुप्से, चापपानी, मदनपोखरा, बराङ्दी, भैरवस्थान, कुसुमखोला, देउराली, सत्यवतीमा कफी खेती हुने गरेको थियो । अहिले कफी खेतीबाट विस्थापित भएर केही गाउँमा मात्र किसान सक्रिय रहेका छन् । धेरै किसान कफी खेतीबाट विस्थापित भइसकेको रैनादेवी छहरा-५, मुझुङका किसान रामबहादुर कार्कीले बताउनुभयो । पाल्पाका किसानले लगाएको कफी खेतीमा सेतो गभारोको प्रकोप नियन्त्रण गर्न नसक्दा धेरै किसान विस्थापित हुन बाध्य भएको उहाँले बताउनुभयो ।

तीन दशकदेखि कफी खेती गर्दै आएका किसान अहिले अन्य खेतीमा लागेको उहाँले बताउनुभयो । पहिले कफी उत्पादन गर्ने किसान कफी खेती छाडेर सुन्तला, जुनार, कागती उत्पादनमा लागेका छन् । दशकअघिसम्म पाल्पाको कफी जापान, अमेरिका, कोरिया जस्ता देशमा निर्यात हुने गरेको थियो तर उत्पादन घटेपछि कफी निर्यातमा समस्या भएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रले जिल्लामा कफी खेती हरेक वर्ष घट्दै गएको जनाएको छ । पहिले व्यावसायिक खेती गर्ने किसानले अहिले निर्वाहका लागि कफी खेती गर्दै आएको ज्ञान केन्द्रका निमित्त प्रमुख सन्तोष चौधरीले बताउनुभयो ।

उत्पादन घटेपछि कफी सङ्कलन केन्द्र बन्द भएका छन् ।

# खोरेत र पीपीआर रोगको जोखिममा गुल्मीका किसान

गुल्मी, माघ १० (रासस) । लम्पी स्किन रोगका कारण सयौँको सङ्ख्यामा पशु गुमाएको पिडा सेलाउन नपाउँदै गुल्मीका किसानहरू खोरेत र पीपीआर रोगको जोखिममा परेका छन् । लम्पी स्किन रोगका कारण सयौँ पशुको मृत्यु हुँदा करोडौँको क्षति व्यहोरेका यहाँका किसानहरू अहिले खोरेत र पीपीआर रोगको जोखिममा परेपछि थप पीडा भोग्न बाध्य छन् ।

लम्पी स्किन रोगबाट यस जिल्लामा नौ हजार ४७७ पशु बिरामी भएकोमा ३९५ पशुको मृत्यु हुँदा गुल्मेली किसानको करिब दुई करोड रुपियाँको क्षति भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका निमित्त कार्यालय प्रमुख हुमकान्त पाण्डेयले बताउनुभयो । गत पुस महिनामा गुल्मी दरबार गाउँपालिका-६, भलायचौरका किसानले कुल पुजाको लागि बली दिनको लागि बुटवलबाट खरिद गरी ल्याएका बोकाबाट खोरेत र पीपीआर सङ्क्रमण भएसँगै यहाँको विभिन्न क्षेत्रमा फैलिएको बाख्रामा पीपीआर र अन्य पशुमा खोरेत रोग देखा पर्न थालेको छ । बुटवलबाट ल्याइएका बोकाहरू गोठमा भएका अन्य पशुसँग सँगै बाँधेर राखिएको थियो । बोका गोठमा सँगै बाँधिएपछि करिब १४ दिनको अन्तरालमा त्यहाँ रहेका अन्य बाख्रा र भैंसी पनि बिरामी पर्न थाले ।

बिरामी भएका ती पशुहरूमा सुरुमा ज्वरो आउने र त्यसपछि मुखबाट र्‍याल काढ्ने, घाँस नखाने, उभिन गाह्रो मान्ने, कमजोर हुने, उत्पादन घटाउने जस्ता लक्षणहरू देखिएपछि त्यहाँका कृषकले स्थानीय पशु स्वास्थ्य प्राविधिक दिलीप कँडेललाई सम्पर्क गरे । स्थानीय पशु स्वास्थ्य प्राविधिक कँडेलले चेक जाँच तथा उपचारको क्रममा यी लक्षणले १२ भैंसी जातका पशु र ३० बाख्रा जातका पशु बिरामी परेका थिए । पशुमा खोरेत र पीपीआरको सङ्क्रमण भएको जानकारी पाउन साथ गुल्मी दरबार गाउँपालिका अध्यक्ष सरोज कुमार थापाले रोग पहिचान र रोकथामका लागि भेटेरिनरी अस्पताललाई आग्रह गर्नुभयो । यहाँ बिरामी भएका पशुमध्ये सात बाख्रा जातका पशुको मृत्यु भयो ।

स्थलगत अध्ययन टोलीले रोगबारे जानकारी लिनुका साथै नमुना सङ्कलन र नमुनाको आरडीटी जाँचमा खोरेत रोग भएको पत्ता लगाएपछि निमित्त कार्यालय प्रमुख पाण्डेय र डाक्टर मदन भण्डारीसहितको टोली पुनः स्थलगत अध्ययनका लागि रोगको थप परीक्षणको गर्न टिस्यु नमुना सङ्कलन गरी पशु रोग अन्वेषण प्रयोगशाला काठमाडौँमा पठायो ।

त्यस्तै, जिल्लाको काली गण्डकी गाउँपालिका-५, स्थित वल्लीमा पीपीआर रोगसँग मिल्ने लक्षण देखिएर पशु मर्ने गरेको जानकारी प्राप्त गरेसँगै जिल्ला समन्वय समिति प्रमुख द्रोणबहादुर खत्री, भेटेरिनरी अस्पतालका निमित्त कार्यालय प्रमुख पाण्डेय र स्थानीय पशु सेवा शाखाको टोलीले स्थलगत अध्ययन गरी रोग निदानका लागि नमुना सङ्कलन गरेर पशु रोग अन्वेषण प्रयोगशाला काठमाडौँ र पोखरमा पठायो । यहाँ ११ बिरामी पशुमध्ये सात बाख्रा जातको मृत्यु भएको थियो । यहाँ पनि गत पुस महिनाको ७ गते बुटवलबाट कुलपुजाको लागि भेडा खरिद गरी ल्याइएको थियो । केही दिनपछि सँगै बाँधेको अन्य बाख्रा र छिमेकीको बाख्रा बिरामी परेको थियो । पशु रोग अन्वेषण प्रयोगशाला पोखरामा परीक्षण गरिएको सो रोग पोजेटिभ आएसँगै काली गण्डकी गाउँपालिकाका लागि ४ हजार ५०० डोज पीपीआर भ्याक्सिन पठाइएको निमित्त कार्यालय प्रमुख पाण्डेयले बताउनुभयो । उहाँले अन्य पालिकामा सङ्क्रमण नफैलियोस् भनेर समुदायमा जनचेतनासँगै उच्च सतर्कताका साथ लागिएको बताउनुभयो । रोग नियन्त्रणका लागि सङ्क्रमित क्षेत्रमा खोरेत रोग विरुद्ध रिङ् भ्याक्सिनेसनको लागि अभियान, किसानसँग छलफल तथा जानकारी आदानप्रदान सञ्चालन गरिएको बताउनुभयो ।

कार्यालयले यही वर्ष जिल्ला स्तरमा खोरेत रोग नियन्त्रण गर्न जिल्लाभर ५१ भ्याक्सिनेटर खटाएको छ । प्रदेश मार्फत ३२ हजार डोज खोरेत रोग विरुद्धको खोपको व्यवस्था गरिएको उहाँको भनाइ छ । अस्पतालका डा. मदन भण्डारीले खोरेत र पीपीआर दुवै भाइरल रोग भएको भन्दै यी रोगको कुनै पनि प्रभावकारी उपचार नभएको बताउनुभयो । खोप लगाउनु, सङ्क्रमित पशुसँगको लसपस कम गर्नुका साथै पशु ढुवानी बन्द गरी रोग रोकथाम तथा नियन्त्रण गर्नु उत्तम उपाय रहेको उहाँले बताउनुभयो । स्थलगत अध्ययनमा सहभागी हुनुभएका समन्वय प्रमुख द्रोणबहादुर खत्रीले भेटेरिनरी अस्पतालको रोग अनुसन्धानको लागि देखाएको अग्रसरता देखाएको भन्दै यस अध्ययनले लम्पी स्किन रोगले जसरी जिल्लाभरका पशु सङ्क्रमित नहुँदै रोग निदान तथा रोकथाम गर्न सक्ने हो भने क्षति कम गर्न सकिने बताउनुभयो ।







**सिद्धार्थ मिडिया सर्भिसेज प्रा.लि.** द्वारा प्रकाशित **नव तिलोत्तमा दैनिक**का लागि अध्यक्षः **जनक कोइराला**, प्रबन्ध सञ्चालक/सम्पादकः **माधव नेपाल**, फोन नं. **विज्ञापन**: ०७१-४३८५७४, **समाचार**: ०७१-४३८५७५ फ्याक्स नं. ०७१-४३८५७२ कार्यालयः कालिकानगर-१२ बुटवल इमेलः tilottamadainik@gmail.com, मुद्रणः **तिलोत्तमा प्रेस**, बुटवल रुपन्देही